स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'दैव संजोग' मा समावेश 'अच्छा लेकिन लण्डनको चिसोले समाउला' गीत अझै पनि जनमानसको मुखमा झुन्डिएको छ । अब यसको रिमेक भर्सन आउने भएको छ । फिल्म 'नरसिंहा : अवतार'का लागि संगीतकार शम्भुजित बाँस्कोटाले उक्त गीतको रिमेक भर्सन तयार पारेका छन् । रिमेक भर्सनमा भने शम्भुजित र रचना रिमालको स्वर छ । भिडियोमा फिल्मका मुख्य ६ जना कलाकारहरू राजेश हमाल, सरोज खनाल, नीति शाह, राज कटुवाल, उषा खड्गी र सनिशा भ राईले नृत्य गरेका छन् ।

**आजको विचार...**



राजेन्द्र पन्थी

माधवा... (दुई पेजमा)

अभिनेता प्रदीप खड्का अभिनीत फिल्म 'एक्टर : टेक वन'ले घरेलु बक्स अफिसमा अपेक्षित व्यापार गर्न सकेन । निर्माताले व्यापार सार्वजनिक नगर्नुले पनि फिल्मको अवस्था दयनीय रहेको प्रष्ट बुझिन्छ । यद्यपि, दोस्रो सातामा प्रवेश गरेको यो फिल्म अब विदेशमा प्रदर्शन हुन थालेको छ । यसको सुरुवात जापानबाट भएको छ । यतिबेला प्रदीपको उपस्थितिमा जापानमा फिल्मको शोहरु भइरहेको छ । जापानपछि अब 'एक्टर : टेक वन' अष्ट्रेलियामा प्रदर्शन हुने भएको छ । फेब्रुअरी २१ (फागुन ८ गते)देखि अष्ट्रेलिया प्रदर्शन सुरु हुने वितरक कम्पनी इस्सा भाइब इभेन्टका राजजङ्ग क्षेत्रीले बताए ।



❐ वर्ष ३० ❐ अंक १९८ ❐ २०८१ माघ २८ गते सोमबार 10 February 2025, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### मुठभेडमा ३३ जनाको मृत्यु

(रासस/एएफपी)

**नयाँदिल्ली**, माघ २७/सुरक्षा बलले लामो समयदेखि चलिरहेको विद्रोहलाई दमन गर्ने प्रयास गरिरहेको बेला मध्य भारतको घना जङ्गलमा आइतबार भएको मुठभेडमा कम्तीमा ३१ जना माओवादी विद्रोही र दुई जना भारतीय कमान्डो मारिएका छन् ।

सीमान्तकृत आदिवासी जनताको अधिकारका लागि लड्दै आएका विद्रोहीहरूद्वारा चलाइएको दशकौँ लामो विद्रोहमा १० हजारभन्दा बढी मानिस मारिएका छन् । '३१ विद्रोही र दुई सुरक्षाकर्मी मारिएका छन् र अन्य दुई सुरक्षाकर्मी घाइते भएका छन्', वरिष्ठ प्रहरी अधिकारी सुन्दरराज पी.ले भने । प्रहरीले क्षेत्रमा खोजी अभियान जारी राखेकोले मृत्यु संख्या अझै बढ्न सक्ने अधिकारीले बताए । 'घटनास्थलमा अतिरिक्त बल पठाइएको छ', उनले भने प्रहरीको विज्ञप्ति अनुसार घटनास्थलबाट स्वचालित हतियार र ग्रेनेड लन्चर बरामद गरिएको छ । विद्रोहको मुटु मानिने छत्तीसगढ राज्यको बिजापुर जिल्लाको जङ्गली क्षेत्रमा मुठभेड भएको थियो । 'नक्सलवादी (माओवादी) मुक्त भारत हासिल गर्ने दिशामा यो ठूलो सफलता हो', भारतका गृहमन्त्री अमित शाहले भने । उनले गत वर्ष सरकारले सन् २०२६ सम्ममा विद्रोह दबाउने अपेक्षा गरिएको बताएका थिए । सरकारी तथ्याङ्कअनुसार सुरक्षा बलको कारबाहीमा गत वर्ष २८७ विद्रोही मारिएका छन् । तीसमध्ये अधिकांश छत्तीसगढमा मारिएका थिए । माओवादीहरूले स्थानीय बासिन्दाहरूका लागि जग्गा, रोजगारी र यस क्षेत्रको अपार प्राकृतिक स्रोतको हिस्सा माग गर्दै आएका छन् । उनीहरू भारतको पूर्व र दक्षिणका विभिन्न दुर्गम समुदायहरूमा प्रवेश गरे । सन् २००० दशकको सुरुसम्म आन्दोलनले शक्ति र सङ्ख्यामा वृद्धि गर्‍यो ।

# तानसेनमा निकालियो भिमसेनको रथ, हराउँदै रौनकता

रामचन्द्र रायमाझी

**पाल्पा,** माघ २७/ जिल्लाको सदरमुकाम तानसेनमा बिहीबार धार्मिक आस्थासँग जोडिएको भीमसेनको रथ निकालिएको छ । नेवार समुदायले हरेक वर्ष माघ शुक्ल भीमा द्वादशीका तानसेनको शित्तलपाटीस्थित भीमसेन मन्दिर परिसरबाट श्री ७ भीमसेनको रथ यत्रा दिन भिमसेनको रथ यात्रा निकाल्ने गर्दछन् । सोही अनुसार यस वर्ष पनि आइतबार रथ निकालिएको हो ।

भीमसेनको मूर्तिलाई खटमा राखेर नगर परिक्रमा गराइएको थियो । नेवार समुदायले भीमसेनलाई कुल देउताका रुपमा पूजा गर्दै आएका छन् । रथयात्रा गर्दा धेरैजसो नेवार समुदायहरुले आ-आफ्नो घर-घरबाट भगवानलाई पूजा दिएका थिए । मन्दिर परिसरबाट निकालिएको रथ यात्राले तानसेन नगर क्षेत्रका विभिन्न भागको परिक्रमा गरेको थियो । नेवार समुदायका मानिससहित अन्य समुदायका व्यक्तिहरुको सहभागितामा रथयात्रामा भजन मण्डलीले दाफा भजन गाएर नगर परिक्रमा गरेका थिए । नेवार समुदायले भीमसेनलाई कुल देउताका रुपमा पूजा गर्दै आएका छन् । शित्तलपाटीमा रहेको भीमसेन मन्दिर विसं १८६४ मा स्थापना भएको थियो । माघ शुक्ल भीमा एकादशीको दिन तानसेनमा खासै केही गरिदैन । यस दिन राती शित्तलपाटी मन्दिर अगाडि धुनि जगाइन्छ, भजन गाइन्छ तथा उपस्थित भक्तजनहरुलाई प्रसादको रुपमा समयबजी बाँड्ने प्रचलन रहेको छ । माघ शुक्ल द्वादशीको दिन भने भीमा द्वादशी भनेर शित्तलपाटीको भीमसेनको रथयात्रा निकाल्ने परम्परा रहेको देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठान पाल्पाका अध्यक्ष मदन देउरालीले बताए । नेवार समुदायले शुभ साइतमा हातमा मुगदल लिएको भगवानको पित्तलको सानो प्रतिमूर्तिलाई तीनतिर खुल्ला पितलले मोडिएको छाना भएको रथमा राखि नगर परिक्रममा गराएका थिए । रथ निकाल्दा विगतमा जस्तो रौनक भने देखिएन । पहिले पहिले भीमसेनको रथ निकाल्दा हेर्नेहरुको भीड लाग्ने गर्दथ्यो । तर पछिल्ला केही वर्ष यता भने त्यो रौनक विस्तारै हराउदै गएको स्थानीय बताउँछन् । आधुनिकताका कारण यो रथ यात्रासँगै पाल्पामा मनाइने जात्रा, चाडपर्वको रौनक घट्दै गएको छ । इतिहास बोकेको रथ यात्रालाई नयाँ पुस्ताले चासो नदिदा रौनकतामा केही कमी आएको भीमसेन मन्दिर संरक्षण उपभोक्ता समितिका अध्यक्ष मनोहरलाल श्रेष्ठले बताए । उनले भने, ' जनतन हामीले निरन्तरता दिर्दै आएका छौं , अब नयाँ पुस्ताले के गर्छन् थाहा छैन् ।' जात्रा खर्चिलो भएकाले पनि आर्थिक अभावका कारण पछिल्ला वर्षहरुमा जिल्लामा निकालिने गाई जात्रा, रोपाइँ जात्राको प्रचलन कम हुँदै गएको छ । जिल्लाको गहनाका रुपमा रहेका यि संस्कृतिहरुको संरक्षणमा कसैको ध्यान जान सकेको छैन । स्थानीय कलासंस्कृतिको संरक्षण गर्ने दायित्व स्थानीय सरकारको भए पनि यसतर्फ खासै चासो दिएको देखिदैन । जात्राहरु धार्मिक, साँस्कृतिक र मनोरञ्जनसँग जोडिएकाले पनि संस्कृति जोगाई राख्न नयाँ पुस्तालाई यसतर्फ आर्कषित गर्न सकिएको छैन । जसले गर्दा पनि यहाँका जात्रा, पर्वहरु विस्तारै लोप हुन लागेका छन् ।



**तानसेनको शित्तलपाटीस्थित भीमसेन मन्दिर परिसरबाट नगर परिक्रममा गराउने तयारी गर्दै श्री ७ भीमसेनको रथ यत्रा । तस्वीर : किशोर भट्टराई/ एनजेडी**

## कर्मचारी आवश्यकता

नवजनचेतना दैनिकका लागि निम्न कर्मचारीको आवश्यकता परेको हुनाले इच्छुक योग्य नेपाली नागरिकबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

**१. पद :** लेखापाल, संख्या : एक जना
योग्यता : +२ उत्तीर्ण वा स्नातक अध्ययन गरेको

**२.पद :** कम्प्युटर अपरेटर
संख्या : एक जना
योग्यता : +२ उत्तीर्ण (फोटोसफ, पेजमेकर, इनडिजाइन तथा कम्प्युटरमा दक्षलाई विशेष प्राथमिकता)

**३.पद :** बजार प्रतिनिधि
संख्या : केही
योग्यता : +२ उत्तीर्ण
तलव : नियम अनुसार

आवेदन दिने अन्तिम मिति : २०८१/१०/३० गते सम्म ।
आवेदकले आफ्नो बायोडाटा सहित कार्यालयमा सम्पर्क गर्नुहोला ।
(बाइक, स्कुटीको लाइसेन्स भएका तथा अनुभवीलाई प्राथमिकता)

**कैलाशनगर मिडिया प्रा.लि.**
**(नवजनचेतना दैनिक)**
भगवतीटोल, तानसेन, पाल्पा
E-mail : njdnews@gmail.com

# तीस किलोको खुकुरी !,मूल्य १ लाख ११ हजार

**रामपुर (पाल्पा),** माघ २७/एउटै खुकुरीको मूल्य एक लाख ११ हजारभन्दा पत्यार नलाग्न पनि सक्छ । यो सुन्दा आश्चर्य लाग्छ । सन्तोष विश्वकर्माले तीस किलो तौल भएको एक लाख एघार एक सय ११ मूल्य पर्ने खुकुरी तयार गरेका छन् ।

उनले तयार पारेको खुकुरी रामपुरमा जारी चौथो रामपुर महोत्सव तथा व्यापार मेलामा प्रदर्शनीमा राखिएको छ । खुकुरी यतिबेला मेलाको मुख्य आकर्षण बनिरहेको छ । नेपालीको शानको रूपमा लिइने खुकुरीको महत्व जोगाइराख्न र नयाँ पुस्तालाई जानकारी दिन ३० किलो तौल भएको खुकुरी तयार पारेको उनले बताए । विश्वकर्माले तयार पारेको ३० किलो खुकुरी आठ फिट लम्बाइ छ भने दापसहित ४२ किलोको छ । तीन जना व्यक्तिको सहायता लिएर २० दिनमा खुकुरी तयार पारेको उनी बताउन्छन् । खुकुरी निर्माणमा ज्याला खर्चबाहेक ३० हजार बराबरको खर्च भएको उनले बताए । विश्वकर्माले प्रदर्शनीमा राखेको खुकरीले दर्शकको मन जितिरहेको छ । मेला अवलोकन गर्न आउने दर्शकले रोचक मान्दै खुकुरी अवलोकन गर्ने, फोटो, भिडियो खिच्ने तथा टिकटक बनाएर सामाजिक सञ्जालमा राख्न थालेपछि धेरै चर्चा बटुलेको छ ।



विश्वकर्माले खुकुरीका अलवा कृषि तथा घरायसी प्रयोजनका लागि आवश्यक फलामका औजार पनि मेलाको अवसरमा बिक्रीका लागि राखेका छन् । 'नेपालीको शान खुकुरी हो, यसको महत्व नयाँ पुस्तालाई जानकारी दिन स्थानीयस्तरमा हुने मेला, महोत्सवमा प्रदर्शनीका लागि लैजाने गरेको छु, खुकुरीसँगै अन्य कृषि तथा घरायसी प्रयोजनका लागि आवश्यक पर्ने औजार प्रदर्शनीमा राख्दै आइरहेको छु', उनले भने । स्याङ्जाको वालिङ नगरपालिका-८ स्थित विश्वकर्मा आरन उद्योगका सञ्चालक विश्वकर्माले घर सजावटका लागि खुकुरी खोजिने भएकाले आफूले तयार पार्ने गरेको बताए । यसभन्दा अगाडि १३ केजी तौल भएको ४५ हजार र २० केजी तौलको खुकुरी ५५ हजारमा बिक्री गरिसकेको उनले जानकारी दिए । रामपुर उद्योग वाणिज्य संघको आयोजनामा गत माघ १५ गतेदेखि सुरू भएको चौथो रामपुर महोत्सव तथा व्यापार मेला आइतबार सकिएको छ । **-रासस**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## बजेट कार्यान्वयनमा चासो देखाऊ

नेपालमा बजेट कार्यान्वयनको अवस्था जहिल्यै निराशजनक देखिन्छ । यस पटक पनि चालू आर्थिक वर्षको पहिलो ६ महिनासम्मको तथ्यांकलाई हेर्दा लक्ष्य अनुसार बजेट खर्च नहुने देखिएको छ । गत आर्थिक वर्षको ६ महिनाको तुलनामा १७ दशमलव ६६ प्रतिशतले बढेको भए पनि चालू आवको ६ महिनामा विनियोजन बजेटको जम्मा ३५ दशमलव ८९ प्रतिशत मात्र बजेट खर्च भएको छ ।

बजेट कार्यान्वयनको अवस्थामा उल्लेख्य सुधार नभएका कारण सरकारले विगतमा जस्तै यसपटक पनिबजेट संशोधन गरेको छ । चालू आर्थिक वर्षमा १६ खर्ब ९२ अर्ब ७३ करोड ३५ लाख रुपैयाँ खर्च हुने संशोधित अनुमान गरिएको छ । यो रकम विनियोजन बजेटको ९० दशमलव ९९ प्रतिशत हो । ६ महिनाको अवधिमा चालूतर्फ ४ खर्ब ५२ अर्ब ५५ लाख अर्थात् ३९ दशमलव ६३ प्रतिशत, पुँजीगततर्फ ५६ अर्ब ९३ करोड ८४ लाख अर्थात् १६ दशमलव १६ प्रतिशत र वित्तीय व्यवस्थातर्फ १ खर्ब ५८ अर्ब ६६ करोड ३९ लाख अर्थात् ४३ दशमलव २० प्रतिशत खर्च भएको छ । विगतमा पनि यस्तै अवस्था नभएको भने होइन । बजेट कार्यान्वयन हुन नसक्दा कस्तो असर पर्छ भन्ने विषयमा सरकारलाई राम्ररी जानकारी भएपनि सो विषयमा चासो दिएको देखिँदैन । सरकार गठन भएको लामो समय हुँदा समेतबजेट कार्यान्वयन गर्न नसक्दा सबै मन्त्रालयको काम ठप्प छ । मन्त्रालयहरु यतिखेर अनिर्णयकोबन्दी भएका छन् । मन्त्रालयले नियमित काम र तलब खाने बाहेक कुनै काम गरेका छैनन् । जुनकार्यक्रमका लागि बजेट निकासा भएको हुन्छ त्यो काम नहुने तर नयाँ कार्यक्रमका लागि बजेट माग्ने खेलले गर्दा बजेट कार्यान्वयन निकै प्रभावित हुने गरेको छ । सरकारले योप्रवृत्ति रोक्न सके मात्रै बजेट खर्च प्रभावकारी हुन्छ । अन्यथा उनी पुरानै प्रवृत्ति रहिरहन्छ ।

### Opinion @ Social Network

आफ्नो कर्म गरेकै छु खै के पुगेको छैन जीवन मा बढिरहेको उमेर भविस्य को चिन्ता हुन त भोली कसैले देखेको हुदैन ।

*(अमर सिंको फेसबुक स्टाटस https://www.facebook.com/gulmileamar.raj)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# माधवा, अपाङ्गता र प्रारब्ध



**राजेन्द्र पन्थी**

*नेपालबाट कान्छी बहिनी कल्पनाको मिस कल र मेसेज आएको रहेछ । साँच्चै नै झन् तर्सिएँ । किन यतिबेला, धत्तेरी ! केही भएछ कि क्याहो भन्ने भयो । अनि म्यासेज पढ्छु त, चिटचिट पसिना आए । अत्यन्तै दुःखद खबर रहेछ। कल्पनाले लेखेकी थिइन् ! माधवा दिदी हिजो राति बित्नु भयो, बिहान त्रिवेणी लैजानु भयो । म प्रायः माहिला बुबालाई फोन गर्दा माधीको खबर सोध्थैं, ठीक छ भन्नुहुन्थ्यो । हामी माधवालाई घरपरिवारमा माधी भनी बोलाउथ्यौं । मेरा हातखुट्टा काँपे । टाउको भारी भयो । १० बजे छुट्टी हुन्थ्यो । काम चाहिँ गरेँ । खासै ठूलो इमर्जेन्सी बिना काम छोड्न नमिल्ने हुनाले काम गरिरहेँ । आज घडी अत्यन्तै ढिला घुमे जस्तो लाग्यो । बल्लबल्ल १० बज्यो। अनि बहिनी कल्पना र माहिला बुबालाई फोन गरेँ । सबै सोधेँ र थाहा पाएँ ।*

जनवरी ३१, २०२५ रातिको करिब ८ बजेको समय । खल्तीमा राखेको मोबाइलमा कम्पन हुन्छ । अमेरिकाको जागिरह फोन उठाउन नमिल्ने । भर्खर ब्रेकबाट आएको छु । कामबाट निस्किन गाह्रो छ। हाकिम नजिकै छन् । मनमा अनेक कुरा खेलिरहे । केही इमर्जेन्सी त हैन होला ? कहाँ पुगिएन,के सोचिएन । यस्तो बेला सकारात्मक कुरा पटक्कै आउँदैन । केही मिनेटमै यो मस्तिष्कले घर,परिवार हुँदै अमेरिका र नेपालका सबै आफन्तलाई सोच्न भ्यायो । यो दिमाग यति धुतगतिमा दौडिएको थियो कि सेकेन्डभरमा कहिले कहाँ र कहिले कहाँ पुगेको थियो । खल्तीमा राखेको मोबाइलले यति धेरै तनाव दियो कि के कसरी वर्णन गरूँ । शब्दबाट वर्णन गर्नै सक्दिन। करिब आधा घन्टा बिताउन मलाई दिनभरिको समय जति लाग्यो । अन्ततः मनले मानेन । जे ता होला नि भनेर ट्वाइलेट जाने विचार गरेँ । आधाघन्टा पनि नबित्दै कामबाट निस्किदा हाकिमले यसो हेर्यो । म 'आइ विल ब्याक सुन' भन्दै निस्केँ । हतार हतार ट्वाइलेट गएँ र फोन हेरेँ। फोन खोल्दै झसङ भएँ । नेपालबाट कान्छी बहिनी कल्पनाको मिस कल र मेसेज आएको रहेछ । साँच्चै नै झन् तर्सिएँ । किन यतिबेला, धत्तेरी ! केही भएछ कि क्याहो भन्ने भयो । अनि म्यासेज पढ्छु त, चिटचिट पसिना आए । अत्यन्तै दुःखद खबर रहेछ । कल्पनाले लेखेकी थिइन् ! माधवा दिदी हिजो राति बित्नु भयो, बिहान त्रिवेणी लैजानु भयो । म प्रायः माहिला बुबालाई फोन गर्दा माधीको खबर सोध्थैं, ठीक छ भन्नुहुन्थ्यो । हामी माधवालाई घरपरिवारमा माधी भनी बोलाउथ्यौं । मेरा हातखुट्टा काँपे । टाउको भारी भयो । १० बजे छुट्टी हुन्थ्यो । काम चाहिँ गरेँ। खासै ठूलो इमर्जेन्सी बिना काम छोड्न नमिल्ने हुनाले काम गरिरहेँ । आज घडी अत्यन्तै ढिला घुमे जस्तो लाग्यो । बल्लबल्ल १० बज्यो। अनि बहिनी कल्पना र माहिला बुबालाई फोन गरेँ । सबै सोधेँ र थाहा पाएँ ।

दुई वर्ष पहिले नेपाल जाँदा बहिनीसित भेट भएको थियो । माधी, चिन्यौ नि भनेको खुशी हुँदै 'अँझ' भनेको मानसपटलमा घुमिरहेको छ । माधवाले सबै कुरा सुन्थिन मात्र प्रतिक्रिया दिन वा बोल्न आउने थिएन। तर केही शब्दहरू बोल्थिन् । उनले आकाला,जा, च्या, नाइँ आदि जस्ता केही शब्दहरू बोल्थिन् । आफ्नो सरसफाइ आफैँ गर्न सक्दिनथिन् । भोक लागे नलागेको, खानेकुरा मीठो भए नभएको, कोही आफन्त आउँदा चिने नचिनेको प्रतिक्रिया दिन्थिन् । आफूलाई मन परेको र माया गर्ने मान्छे बस नजा भन्ने प्रतिक्रिया उनको हुन्थ्यो । अब बहिनी सम्झनामा मात्र रहिन् । उनको पञ्चभौतिक शरीर यो संसारमा रहेन । बहिनीसित यो जुनीमा धीत मारेर बोल्न पाइएन । बहिनीका कति धेरै मर्म र पीडा बुझ्न सकिएन । आफ्नै आमाको स्वर्गारोहण हुँदासमेत बहिनी रुन सकिनन् । उनको दर्द र भावना कसरी बुझ्ने र कसरी बुझाउने ? साँच्चै, बहिनी माधवा,तिम्रो मनमा पनि त हाम्रो मनमा भए जत्तिकै भावना, संवेदना, पीडा, माया, रोदन थिए होलान् । मुटु बलियो बनाएर कसैलाई नेदेखाई गयौ । तिम्रा थोरै संवेदना केवल साङ्केतिक आधारमा बुझियो, कतिधेरै बुझ्नै सकिएन । बहिनी ! अब त तिमी केवल सम्झना मात्र रह्यौ । तिम्रो र माहिली आमाको भेट पक्कै हुन्छ होला । यस जुनीमा आमाछोरी बिचको गहिरो दुःखसुखको दोहोरो सम्वाद नभए पनि अर्को जुनीमा आमाको काखमा गुटुमुटिएर लुटुपुटु गर्दै धोको फेरेर रुनु, बोल्नु, सबै कुरा भन्नु है ।

**माधवा र अपाङ्गता :** माधवाको जन्म वि.सं.२०३७ फागुन १५ गते गुल्मी जिल्लाको मदाने गाउँपालिका भनभनेमा भएको थियो । उनी २०७७ सालदेखि बसाइँसराइ गरी रुपन्देही जिल्लाको तिलोत्तमा नगरपालिका ड्राइभरटोलमा आफ्नै बुवा आमाको संरक्षकत्व र पालनपोषणमा दैनिकी बिताइरहेकी थिइन् । तीन वर्ष पहिले केही वर्ष नै बिरामी परेर माहिली आमाको स्वर्गारोहण भएको थियो । माहिली आमा सकुशल रहुन्जेल त माधवाको सम्पूर्ण स्याहारसुसार र पालनपोषण उहाँबाटै भएको थियो ।आमाको निधन पछि उनको सम्पूर्ण स्याहारसुसार विशेषतः कान्छी बहिनी सीताले गरिन् । धन्य, सीता ! तिमी सीता नै हौं। सीताका बोली र वचन, मिजासीपन, लगनशीलता, कर्तव्यबोध, साहसीपन र धैर्यता अनुकरणीय नै छन् । माधवा जन्मजात अपाङ्गता भएकी थिइन् । बुबाआमालाई छोराछोरी अपाङ्गता भएर जन्मिनु भन्दा ठूलो पीडा के हुन सक्छ र । ती पीडाहरू शब्दबाट वर्णन गर्न गाह्रो हुन्छ । जब बच्चा गर्भमा रहन्छ, त्यसपछि नै बुबाआमाका कति धेरै कौतुहलता र खुशी हुन्छन् । अझ हाम्रो जस्तो पूर्वीय संस्कारलाई मान्यता दिने समाजमा त झन् छोराछोरीबाट कति ठूला आशा र सपना हुन्छन् । फूलबारीमा फुल्ने फूलबाट रङ्गिने सपना कसको हुन्न र ? बच्चा जन्माउनदेखि हुर्काउन, बढाउन पढाउन, कति दुःख र गाऱ्हो हुन्छ अनि बच्चा जन्मेपछिको खुशी र आशा पनि कति धेरै हुन्छन् । यी त अभिव्यक्तिका कुरा भन्दा ज्यादा अनुभूतिकै कुरा रहेछन् ।

यस धर्तीमा हरेक मानिस जन्मदा उस्तै देखिन्छन् । जब बच्चा बढ्दै जान्छ, अनि उसमा उसका शारीरिक र मानसिक संरचनाहरू बढ्दै र परिवर्तन हुँदै जान्छन् । कुनै खास अङ्ग नभएको बाहेक बच्चा साङ्गता भएको वा अपाङ्गता भएको के छ भनेर छुट्टाउन अलि गाह्रो पनि हुँदो रहेछ । जब बच्चाले आँखा हेर्ने, बोल्ने, कान सुन्ने हिँडडुल गर्ने जस्ता जस्ता शारीरिक क्रियाकलाप उमेर अनुसार हुँदैन अनि बल्ल अभिभावकले उसको पहिचान थाहा पाउँछन् ।

बहिनी माधवाको अवस्था पनि त्यस्तै भयो । बोल्छिन् कि भन्दाभन्दै बोल्न सकिनन् । उनी शारीरिक अशक्त पनि भइन । तत्कालीन समयमा त्यति साह्रो सहजता नभएकै कारण चिकित्सकसँग परामर्श गर्ने, औषधि उपचार गर्ने, अपाङ्ग केन्द्रमा भर्ना गर्ने, तालिम गराउने वा सिकाउने, शिक्षा दिने भन्ने जस्ता कुराहरू गाउँमा आएकै थिएनन् र अहिले जस्तो खासै सुनिएको पनि थिएन ।

राजधानी काठमाडौंमा केही व्यवस्था छ भन्ने सुनिएको थियो रे तर त्यस्ता ठाउँहरूमा सर्वसाधारणको सजिलै पहुँच पनि थिएन । पछि केही सरकारी र गैर सरकारी संघसंस्था मार्फत विभिन्न कार्यक्रम छन् भन्ने बुझियो । तर समय ढिप्किसकेको थियो । उनको उमेर बढ्दै गयो । के गर्ने भाग्य यस्तै रहेछ भन्ने अवस्थामा पुगियो । आज जस्तै सानै उमेरदेखि पढ्न, लेख्न र केही तालिम सिकाएको भए शायद शारीरिक र मानसिक रुपमा वृद्धि र विकास हुन्थ्यो होला । उनको जीवन तुलनात्मक रुपमा केही सुखी र सहज हुन्थ्यो होला । अनि परिवारलाई पनि तनाव र पीडा कम हुन्थ्यो होला । अब यस कुरामा पश्चाताप गर्नुको विकल्प के नै रह्यो र । अहिलेको पिँढीले विगतका यी र यस्ता थुप्रै कमजोरी र अनुभवहरूबाट धेरै पाठ सिक्नुपर्छ । अहिले त राज्यले संविधान र विभिन्न कानूनमा अपाङ्गहरूलाई धेरै किसिमका सेवा र सुविधा व्यवस्था गरेको पनि सुनिन्छ । सर्वसाधरण जो कोहीलाई पहुँच पनि छ ।बुवाआमा वा घरपरिवारले बच्चामा केही जन्मजात अपाङ्गता वा अशक्तता देखिए भने चिकित्सकको परामर्श लिन सकिन्छ । अपाङ्गता भएकालाई साङ्ग बनाउन सक्ने धेरै किसिमका प्रविधिको विकास पनि भएको छ । अहिलेको चामत्कारिक २१ औं शताब्दीमा पनि प्रारब्ध र भाग्य यस्तै रहेछ भनेर जन्मजात अपाङ्गता भएकालाई अपाङ्गताकै रुपमा पाल्नु हुँदैन । विश्वको अपाङ्गको तथ्यांक हेर्दा निकै दुःखदायी अवस्था छ । अहिले जति नयाँ ज्ञान र प्रविधिको विकास भइरहेको छ । त्यति नै मात्रामा जन्मजात अपाङ्गताको संख्या पनि बढिरहेको देखिन्छ । विश्व स्वास्थ्य संगठनको सबैभन्दा पछिल्लो तथ्यांक अनुसार विश्वको कूल जनसंख्याको करिब १६ प्रतिशत कुनै न कुनै रुपमा अपाङ्गता भएका छन् । नेपालको जनगणना २०७८ अनुसार पनि ६ लाख ४५ हजार ७४४ अर्थात २.२ प्रतिशत अपाङ्गता भएका रहेका छन् ।

**अन्त्यमा,**

नेपालमा कानूनी रुपमा अपाङ्गतालाई धेरै किसिमका सेवा, सुविधा र अवसर छन् भनिए पनि ती सर्वसाधारणको पहुँचमा अझै पुग्न सकेका छैनन् । जन्मजात वा पछि कुनै कारणले शारीरिक वा मानसिक रुपमा अपाङ्गता भएका वा अशक्तहरूलाई राज्यले पहिलो प्राथमिकता राख्नुपर्छ । वास्तवमा कुनै व्यक्ति अपाङ्गता हुनु सम्बन्धित व्यक्तिको इच्छा वा चाहना होइन । साङ्गका थुप्रै विकल्प हुन सक्छन् तर अपाङ्गता भएकाका विकल्प हुँदैनन् । राज्यले संविधान र कानूनमा मात्र लेखेर हुँदैन, कार्यान्वयन गर्नुपर्छ । अपाङ्गताका नाममा धेरै सरकारी र गैरसरकारी संघसंस्था मार्फत लाखौं रुपैयाँ बजेट खर्च भएका सुनिन्छन् । तर वास्तविक अपाङ्गताले राज्यबाट पाउनु पर्ने सुविधाहरू पाउन नसकेका धेरै गुनासा पनि छन् । अन्त्यमा, प्यारी बहिनी माधवाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस समाजमा रहेका जुनसुकै अपाङ्गता भएका व्यक्तिलाई माया गरौं । हेला नगरौं । राज्यका हरेक अङ्गमा कानूनमा तोकिए बमोजिमका अवसरहरू अपाङ्गतालाई प्रदान गरौं र गराऔं र पूर्वाधारहरू पनि अपाङ्गमैत्री बनाऔं अनि भेदभावरहित समाजको निर्माण गरौं ।

**-हाम्राकुरा डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : लक्ष्य प्राप्तिको लागि संघर्ष गर्नुपर्ला। उल्झेको कार्यहरु सुल्झिनेछ। | **तुला** : धन खर्च हुनेछ । विद्यार्थीहरूलाई पढाइमा मन नलाग्ला । |
| **वृष** : कार्यक्षेत्रमा विरोधीहरू सक्रिय र हनेछन् । पिताको सहयोग मिल्नेछ । | **वृश्चिक** : घरपरिवारमा धार्मिक कार्यक्रममा सहभागी हुनाले मन प्रसन्न रहनेछ। |
| **मिथुन** : कार्यक्षेत्रमा अधिकारको लागि संघर्ष गर्नुपर्ला । नयाँ नोकरीमा सफलता मिल्नेछ | **धनु** : कार्यको व्यस्तताले गर्दा परिवारलाई समय दिन नसकिएला । |
| **कर्कट** : सहकारी र वित्तीय मामिलाहरूमा गम्भीर विचार गरेर निर्णय लिनुहोला । | **मकर** : अविवाहितहरूलाई विवाहका कुराहरू चल्ने छन् । |
| **सिंह** : कारोबारमा थप लगानी लगाउनको लागि उपयुक्त समयको विचार गर्नुहोस्। | **कुम्भ** : विद्यार्थी वर्गलाई आफ्नो करियरमा नयाँ अवसर मिल्नेछ । |
| **कन्या** : खर्चमा नियन्त्रण राख्ने प्रयास गर्नुहोला । परीक्षामा सफलता मिल्नेछ । | **मीन** : कृषि वा पशुपालनबाट लाभ मिल्नेछ। मनमा शान्ति छाउँनेछ । |

शिक्षा

# कामपाले सामुदायिक विद्यालयलाई स्मार्ट बोर्ड उपलब्ध गराउने




काठमाडौं महानगरपालिकाले सामुदायिक विद्यालयको शिक्षण क्रियाकलापलाई प्रभावकारी बनाउने उद्देश्यले 'स्मार्ट एलइडी बोर्ड' उपलब्ध गराउने भएको छ । कामपाको शिक्षा विभागले सार्वजनिक खरिद प्रक्रियामार्फत प्राप्त गरेका बोर्डहरू सूचना प्रविधि विभागबाट बोलपत्रको प्रावधानसम्बन्धी प्राविधिक जाँच गराएर विद्यालयमा वितरण गर्ने भएको हो । तीन सय १३ थान बोर्ड खरिद गरिएको कामपाले जनाएको छ ।

शिक्षा समितिका संयोजक एवं महानगरपालिकाका प्रमुख बालेन्द्र शाहको अध्यक्षतामा बसेको समितिको बैठकले सामुदायिक विद्यालयलाई 'स्मार्ट एलइडी बोर्ड' उपलब्ध गराउने निर्णय गरेसँगै बोर्ड खरिद गरिएको कामपाले जनाएको छ । बैठकले आधारभूत तह (कक्षा-८) उत्तीर्ण परीक्षा समितिका सदस्य मनोनयन गरेको छ । कामपाको विद्यालय शिक्षा नियमावली, २०७४ को नियम ३६ (२) मा आधारभूत शिक्षा उत्तीर्ण परीक्षाको सञ्चालन र व्यवस्थापन गर्नका लागि शिक्षा अधिकारीको संयोजकत्वमा सात सदस्यीय समिति गठन गर्ने निर्णय गरेको छ । सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूमध्ये एक जना, स्थायी शिक्षकहरुमध्ये आधारभूत र माध्यमिक तहबाट एक जना पर्नेगरी दुई जना सदस्य शिक्षा समितिले मनोनयन गर्ने व्यवस्था छ । सोहीअनुसार बाल व्यवसायी माध्यमिक विद्यालयका प्रधानाध्यापक रामप्रसाद ढुङ्गाना, कुलेश्वर माध्यमिक विद्यालयका माध्यमिक तहका गणित शिक्षक मञ्जु मगराती र विश्व निकेतन माध्यमिक विद्यालय, त्रिपुरेश्वरका निम्न माध्यमिक तहका नेपाली शिक्षक विष्णुहरि अधिकारी मनोनीत भएका छन् ।

यस्तै संस्थागत विद्यालयका शिक्षकमध्ये ज्ञानमन्दिर माध्यमिक विद्यालयका शिक्षक रविन बस्नेत र अभिषेक ज्ञान मन्दिर माध्यमिक विद्यालयका शिक्षक श्याम योञ्जन मनोनयन भएका छन् । समितिको सदस्य सचिवमा विभागबाट परीक्षा हेर्ने अधिकृत रहनेछन् । समितिले सहरी योजना आयोगका सदस्य इञ्जिनियर शैलेन्द्र झाको संयोजकत्वमा संस्थागत विद्यालय वर्गीकरण तथा शुल्क प्रस्ताव समिति गठन गरेको छ । शिक्षा समितिका सदस्य एवं वडाध्यक्ष चिनीकाजी महर्जन, दिनेश महर्जन र विनोदकुमार राजभण्डारी समितिको सल्लाहकार रहेका छन् । आयोगका सहायक विज्ञ सस्मित पोखरेल, शिक्षा अधिकृत रुक्मिला इटनी, अभिभावक सैको अध्यक्ष वा सदस्य वा त्यस्तो सै नभएमा अभिभावकमध्ये दुई जना मनोनीत, महानगरपालिका स्तरीय प्याब्सन, एनप्याब्सन, शिक्षा विभागको इञ्जिनियर समितिको सदस्य रहेका छन् । समितिको सदस्य सचिवको काम शिक्षा विभागका प्रमुखले गर्ने कामपाले जनाएको छ । मापदण्डका आधारमा विद्यालयको वर्गीकरणको प्रारुप तयार पार्ने, शुल्कसम्बन्धी सिफारिस तयार पार्ने, शुल्कबमोजिम सेवासम्बन्धी अवस्था अध्ययन गरेर शिक्षा समितिमा पेस गर्ने दायित्व समितिलाई दिइएको छ । समितिले अभिभावकको भूमिका पहिचान गर्ने, विश्लेषण गर्नेलगायत काम गर्ने जनाएको छ ।-**रासस**

# सामुदायिक विद्यालयमा मगर भाषाको पढाइ

तनहुँको व्यास नगरपालिका-१४ केशवटारस्थित केशवटार माध्यमिक विद्यालयमा पहिलो पटक मगर भाषाको पढाइ सुरू भएको छ । व्यास नगरपालिका र नेपाल मगर सै व्यास नगर समितिको समन्वयमा यस विद्यालयमा मगर भाषाको पढाइ सुरू गरिएको हो ।

मगर समुदायका विद्यार्थीहरूलाई मगर भाषा सिकाउने र पुस्तान्तरण अभियानका साथ मगर भाषाको कार्यान्वयनलाई प्राथमिकता दिने उद्देश्यले व्यास नगरपालिकामा पहिलो पटक केशवटार माविबाट मगर भाषाको पढाई सुरू गरिएको हो । उक्त विद्यालयमा नेपाल मगर संघले बनाएको नीति र स्थानीय पाठ्यक्रम अनुसार कक्षाहरू सञ्चालन गरिएको छ । केशवटार माविको कक्षा १ मा मगर भाषाको पढाइ थालिएको हो । मगर भाषाको पाठ्यक्रम र पाठ्यपुस्तकको कार्यान्वयनको शुभारम्भ नगरप्रमुख वैकुण्ठ न्यौपानेले गरेका हुन् । मगर भाषाको पढाइ सञ्चालनका लागि नगरपालिकाकै सहयोगमा पहिलो चरणमा शिक्षकहरूलाई पाँच दिने तालिम प्रदान गरिएको थियो । मगर भाषा संरक्षणका लागि नगरपालिकाले मगर समुदायको बाहुल्यता भएका विद्यालयमा मगर भाषामा पढाइ सञ्चालन गर्ने नीति लिएको छ । तालिम प्राप्त शिक्षकहरूले विद्यालयहरूमा मगर भाषामा कक्षाहरू सञ्चालन गर्नेछन् । पठनपाठनलाई सहज बनाउन र प्रभावकारी बनाउन विशेष तालिम प्रदान गरिएको थियो । यस प्रक्रियाले भाषा संरक्षणमा मद्दत पुऱ्याएको र सिकाइमा प्रभावकारिता ल्याएको नेपाल मगर सैका केन्द्रीय निर्वाचन समितिका संयोजक सिद्धान्त थापाले बताए । तालिममा मगर भाषाको पाठ्यक्रमको बारेमा याम बहादुर आले, इन्द्र बहादुर आले, अमर थापा, नन्दु थापा, यामलाल थापा, तिलबहादुर थापा र अनुराज थापाले प्रशिक्षण दिएका थियो । तालिममा मगर बाहुल्यता भएका सामुदायिक विद्यालयका शिक्षक शिक्षिकाहरूले सहभागिता जनाएका थिए ।-**रासस**



*विद्यालयमा नेपाल मगर संघले बनाएको नीति र स्थानीय पाठ्यक्रम अनुसार कक्षाहरू सञ्चालन गरिएको छ । केशवटार माविको कक्षा १ मा मगर भाषाको पढाइ थालिएको हो । मगर भाषाको पाठ्यक्रम र पाठ्यपुस्तकको कार्यान्वयनको शुभारम्भ नगरप्रमुख वैकुण्ठ न्यौपानेले गरेका हुन् । मगर भाषाको पढाइ सञ्चालनका लागि नगरपालिकाकै सहयोगमा पहिलो चरणमा शिक्षकहरूलाई पाँच दिने तालिम प्रदान गरिएको थियो । मगर भाषा संरक्षणका लागि नगरपालिकाले मगर समुदायको बाहुल्यता भएका विद्यालयमा मगर भाषामा पढाइ सञ्चालन गर्ने नीति लिएको छ ।*

# त्रिविका सरहरु तपाईहरुलाई मान्नैपर्छ

**शिवप्रसाद पोखरेल** ——————

के आशा गर्ने त्रिभुवन विश्वविद्यालयका शिक्षकले पढाएका, त्यहाँको व्यवस्थापनबाट छर्लंगै सिकेका कर्मचारी, नेता, शिक्षक, सुरक्षाकर्मी, म आदिबाट ? नेपालमा सकारात्मक परिवर्तन खोज्ने हो भने ढलि नगरिकन पुर्तौं जमेर रहेको फोहरको थुप्रो सदाको लागि सफा गरेर नयाँ संरचना तयार गर्नुपर्छ । त्यही फोहरको डंगुरबाट हुर्किएकाहरुले जे सिके र ज्ञान लिए उसै अनुसार गर्दा आज देश नै लजाउन पर्ने अवस्थामा ठेल्दिए । तपाईहरुलाई मान्नै पर्छ ।

फोहरमा बस्ने झिंगालाई सफा ठाउँ मन पर्दैन । सफा ठाउँमा गए पनि उसको जमातले गर्ने भनेको फोहर नै हो, जहाँ पुगे पनि उक्त स्थानलाई दुर्गन्धित बनाउने बाहेक उपलब्धि देखिएन । वार्षिक परीक्षा लिन्छ, कुन पार्टीको विरोध छ भनेर उत्तर पुस्तिका जाँच गर्न ढिला गर्छ, त्यही बेलामा आफ्ना नांगेहरुका आफन्तले पनि परीक्षा दिएको छ यदि भने उत्तर पुस्तिका उताको यता यताको उता मिलाउँछ भन्छन् । अनि नतिजा कुर्दा कुर्दै, केही विद्यार्थी स्वर्गलोक, कोही गुप्तबास, केही विदेश पलायन भैसक्दा पनि नतिजा निकाल्दैन । तपाईहरुलाई मान्नै पर्छ । अनि वर्षौं लगाएर नतिजा प्रकाशन गरी दीक्षान्त कार्यक्रम पनि गर्दो रहेछ । कार्यक्रमका लागि विद्यार्थीसँग झण्डै पाँच हजार रुपैयाँ हाराहारी लिएर दीक्षान्त समारोहमा भिर्ने पोशाक भाडामा पनि दिँदो रहेछ । परिवारका सदस्यलाई कार्यक्रममा प्रवेश गर्ने व्यवस्था अनुरुप शुल्कको नाममा प्रति व्यक्ति तीन सय रुपैयाँमात्र लिँदो रहेछ ।

कस्तो सस्तो मूल्यमा दशरथ रंगशाला (त्यो पनि फुटबल मैदानलाई ध्वस्त पारेर) भित्रै जाने व्यवस्था मिलाएर लाज चाहिँ मान्दो रहेनछ । यो वर्ष १४ हजार तीन सय हाराहारीले दीक्षान्त समारोहमा भाग लिए । तिनका एकाघरका औसत दुई जनाले प्रवेश गर्दा ३० हजार जना जतिबाट जम्मा ९० लाख रुपैयाँ आम्दानी गरेछ । एक दिनमा ताल मिलाएमा राम्रै आम्दानी गर्दो रहेछ र उक्त आम्दानीको रकम रंगशालाको भाडा वापत छ लाख रुपैयाँ दिएको रहेछ । फुटबल मैदान बर्बाद पारेर राष्ट्रिय खेलकुद परिषद्ले यस्तै कार्यक्रमका लागि मैदान दिँदा फुटबलका नेपालमा हुनुपर्ने खेलसमेत अखिल नेपाल फुटबल संघले विदेशकै मैदानलाई घरेलु मैदान बनाएर खेलाउन पुगेको तीतो सत्य छ । त्रिविले यो घृणित काम गरेर करिब ८४ लाख त ङ्वाम पार्यो नै । केही रकम सरसफाइका लागि भनेरसमेत छुट्याएको खेलकुद परिषद् स्रोतले बताएको छ । उक्त आम्दानीबाट कति जना नांगेलाई कतिका दरले बाँडेर मोज गरे होलान् हिसाब कसले खोज्ने ? वाह ! तपाईहरुलाई मान्नै पर्छ । जबकि त्रिविकै आफ्नो ठूलो मैदान छँदैछ । त्यहीँ कार्यक्रम गरे पनि हुन्छ नि । त्यहाँ खान नपाइने भएरै त होला नि । अभिभावकलाई ससम्मान बोलाउनु पर्नेमा उल्टै प्रवेश गरेको पैसा ? पुस १३ गते शनिबारका दिन हाम्रो घरमा पनि बिहानैदेखि चहलपहल थियो । हामी पनि त्यस दिन दीक्षान्त कार्यक्रममा भाग लिनका लागि घरमा भएका सबै ३ जना नै त्रिपुरेश्वर रंगशालातिर लाग्यौं । ढिला होला भनेर बिहान ९ बजेबाट नै त्यता लाग्यौं ।

१० बजेसम्म प्रवेश गरिसक्नु पर्छ भन्ने सुनेकाले भीडकाबीच हामी दुई जना बाउछोरा रंगशालाको मैदानमा प्रवेश गर्यौं । श्रीमतीज्यू चाहिँ माथि दर्शकहरु बस्ने स्थानतिर लाग्नुभयो । बेलैमा प्रवेश गरेका हामी बाउछोरा अब फोटो खिचेर हिँड्न पाए हुन्थ्यो भनेर कुरा गर्दै थियौं । तर त्यहाँ कुरा अर्कै रहेछ । हामीलाई थाहा थिएन । रंगशालामा ३०० रुपैयाँ तिरेर प्रवेश गर्नेको भीड जम्मा भएपछि कार्यक्रम शुरु गर्ने अनि कार्यक्रम पश्चात नेपाली सेनाको मुख्यालय भद्रकालीको मेन गेट अगाडिको दायाँ पट्टी स्टल बनाएर दीक्षान्तमा भाग लिने विद्यार्थीलाई करिब ३० मिनेट लाइनमा पर्खाएर प्रमाणपत्र दिने अनि फेरि सोही प्रमाणपत्र हातमा लिएर रंगशालामा नै गएर फोटो खिच्नु पर्ने कुरा रहेछ । विश्वविद्यालयबाट लुगा किन्नका लागि भन्दा बढी मूल्य खाएर भाडामा उपलब्ध भएको के जाति लुगा मध्यरातमा हिँड्ने भूतले पनि लगाउनका लागि लाज मान्ने खालको लुगा उनेर फोटो खिच्नु पर्ने रहेछ ।

मध्यान्ह १२ बजेतिर देशका कार्यकारीको आगमन भयो, अनि मात्र कार्यक्रम शुरुआत भएर हामीले फोटो खिच्ने बेलासम्म २ बजिसकेको थियो । अरु प्रमाणपत्रका लागि लाइनमा बस्नेहरुको फोटो खिच्ने पालो त ४-५ बजेसम्मै रह्यो होला । त्यो हामीलाई मतलब हुने कुरै भएन । नांगे सिंगानेहरुले हामीलाई बिनाकारण दिएको दुःख कहीं कतैबाट चित्त बुझ्दैन । एक कप तातो चिया खान पाएको भए पनि थोरै मन शान्त हुने थियो । तर त्यस दिन हामीले हाम्रो घरकी श्रीमतीज्यूले भूतले लगाउने कपडा लगाएर घरमै बसेर फोटो खिच्ने व्यवस्था भैदिएको भए त्यति चित्त दुख्दैनथ्यो । तीन ठाउँमा बिग्रिएको प्रमाणपत्र पहिल्यै दिएको भए त्यति धेरै दुःख पाउने थिएनौं । हामीलाई बिनाकारण धेरै मर्का भयो । नांगे तपाईहरुलाई मान्नै पर्छ । हाल बहुसंख्यकले विद्यालय स्तरको अध्ययन सके पश्चात विदेशतिर गएर ठीकै गरेका रहेछन् भन्ने लाग्यो । यो फोहरको थुप्रोमा आफ्नो फाइदाको लागिमात्र दिमाग चलाउने नांगेहरु नेपालमा रहेसम्म अब आइन्दा कोही कसैलाई नेपालमा नै अवसर छ यतै बस्नुस् भनेर भन्ने अवस्थाको अन्त्य भैसकेको प्रमाणित भयो । हाम्रा बाको पालामा जन्मिएका, अर्काको हुबहु सारेर प्रमाणपत्र लिएका र आज तिनीहरुले नै किताब बनाएर विद्यार्थीलाई त्यही लटर पटर पढाएर, आफ्नो उमेर सच्याएर हिँड्न नमिल्ने बुढ्यौली अवस्थामा पनि उमेर साठी हाराहारीमै हो भन्ने नांगेहरु नै देशका लागि अभिषाप भए । भनिन्छ देश बिगार्नका लागि केही गर्नु पर्दैन त्यस देशको शिक्षा क्षेत्र बर्बाद भएमा देश कहिल्यै उठ्दैन । आज नेपाल त्यही भयो स्कुल स्तरसम्म केही मात्रामा विद्यार्थी अझै केही वर्षका लागि रहेका छन् । त्यसपछि कसको भुत्ला गन्नका लागि नेपालमा बस्ने ? नेपालको शिक्षा क्षेत्र तहसनहस भए पश्चातको नतिजा हो यो । उद्घोषकले भन्दै थिइन् नेपालमा पढेर कविता लेख्ने महान् व्यक्तिको जन्म भयो भनेर । हो त्यस दिनको सबैभन्दा ठूलो कमेडी नै कविता लेख्ने मानिस नेपालमा जन्मिएका छन् भनेको सुनियो । तिम्रो पनि मगजमा भुस हालेको रहेछ भन्ने लाग्यो । अब कविता पढेर कन्याउँदै बस । त्यस दिन देशका कार्यकारी अनि कार्यक्रम स्थलको अगाडि तीनकुने टोपी लगाएर बसेकाहरुलाई मान्नै पर्छ । तपाईहरुलाई के को लाज त्यस दिन दीक्षान्तमा उठेको पैसा पचाउन आउनु भएका रुलाई । मान्नै पर्छ लाज नभएका नांगेहरु । अझ डिच्च पहेंला दाँत देखाएर हाँस्दै थिए । तपाईहरु जस्ता नजन्मिएको भए हाम्रो देश यत्ति छिटो सजिलै सकिने थिएन ।

**-हाम्राकुरा डटकम**

# चलचित्रसम्बन्धी अध्ययनका लागि छात्रवृत्ति




चलचित्र विकास बोर्डले १६ जना विद्यार्थीलाई चलचित्रसम्बन्धी अध्ययनका लागि छात्रवृत्ति प्रदान गरेको छ ।

माध्यमिक तहमा १, स्नातक तह पहिलो वर्षको लागि १२ जना, विद्यावारिधीको लागि १ र दर्शनाचार्यको लागि एक जनालाई छात्रवृत्ति प्रदान गरिएको बोर्डका अध्यक्ष दिनेश डिसीले जानकारी दिए । उनले भने,'चलचित्र अध्ययन, अनुसन्धान एवं विद्धत वृत्तिका लागि प्रोत्साहन गर्न छात्रवृत्ति प्रदान गर्ने गरेका छौं । यसवर्षबाट माध्यमिक तहमा अध्ययन गर्न चाहने विद्यार्थिले पनि छात्रवृत्ति पाउने व्यवस्था गरिएको छ ।' उनले छात्रवृत्ति बापतको रकम सम्बन्धित कलेजलाई हस्तान्तरण गरिएको बताए ।

माध्यमिक र स्नातक तहका विद्यार्थीको छात्रवृत्ति अस्कर कलेजका संयोजक नवनिधि दाहाल र फिल्म क्याम्पस तथा सङ्गीत विद्यालयका प्रधानाध्यापक शिशिर उप्रेतीलाई हस्तान्तरण रकम हस्तान्तरण गरियो ।

बोर्डका अनुसार माध्यमिक तहको लागि रू १५ हजार, दर्शनाचार्य, विद्यावारिधी र स्नातक तह पहिलो वर्षको लागि ५० हजार छात्रवृतिका लागि उपलब्ध गराईएको छ ।-**रासस**

# सामाजिक सञ्जाल विधेयक राष्ट्रिय सभामा पेश




**पाल्पा,** माघ २७/ सरकारले सामाजिक सञ्जाल सम्बन्धी विधेयक राष्ट्रिय सभामा पेश गरेको छ । आइतबार बसेको बैठकमा सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङले सामाजिक सञ्जाल विधेयक २०८१ पेश गरेका हुन् ।

सरकारले सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउन कानुन निर्माण गर्नेपर्ने आवश्यकता महसुस गरी यही माघ १५ गते राष्ट्रियसभामा उक्त विधेयक दर्ता गराएको थियो । सञ्चारमन्त्री गुरूङले सामाजिक सञ्जालको सही र व्यवस्थित प्रयोग गरी सामाजिक सद्भाव, सांस्कृतिक सहिष्णुता र सुशासन प्रवर्द्धन गर्न सामाजिक सञ्जालको 'प्लेटफर्म' सञ्चालक र प्रयोगकर्तालाई जिम्मेवार र जवाफदेही बनाउन उक्त विधेयक अघि बढाइएको स्पष्ट पारे । विधेयकमा डिजिटल प्लेटफर्म सञ्चालन गर्न चाहने कम्पनी, फर्म एवं संस्थाले सञ्चालन अनुमति लिनुपर्ने, अनुमतिपत्रको नवीकरण गर्नुपर्ने, प्लेटफर्म सञ्चालनमा रोक लगाउन सक्ने, अनुमतिप्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्त, सामाजिक सञ्जाल प्लेटफर्मबाट विषयवस्तु हटाउन निर्देशन दिनसक्ने र सामाजिक सञ्जाल प्रयोगकर्ताले पालना गर्नुपर्ने सर्त उल्लेख गरिएको छ । यस्तै साइबर बुलिङ र स्टकिङ्ग तथा आइडी ह्याक, सेक्सटोर्सन वा एक्सटोर्सन गर्न नहुने, अश्लील, मिथ्या वा भ्रामक विषयवस्तु प्रचारप्रसार तथा डिपफेक भिडियो अपलोड वा प्रचारप्रसार एवं बेनामी वा छद्मभेषी पहिचान बनाउन नहुनेलगायत विषय विधेयकमा समेटिएका छन् । विधेयकमा सामाजिक सञ्जाल सञ्चालनसम्बन्धी अनुमतिपत्रको अवधि दुई वर्षको हुने र नवीकरण गर्न चाहेमा १५ दिन अगावै नवीकरणका लागि निवेदन दिनुपर्ने व्यवस्था गरिएको छ ।

# माओवादी तानसेन नगरको अध्यक्षमा सिंजाली

**पाल्पा,** माघ २७/नेकपा (माओवादी केन्द्र) तानसेन नगर समितिको अध्यक्षमा प्रतिक्षा सिंजाली चयन भएकी छन् । माओवादीको तानसेनमा भएको तेस्रो नगर अधिवेशनले सिंजालीलाई अध्यक्षमा चयन गरेको हो ।




उनको अध्यक्षतामा ४१ सदस्यीय नयाँ कार्यसमिति चयन भएको माओवादी निकट प्रेस सेन्टर पाल्पाका अध्यक्ष कृष्ण दर्नालले जानकारी दिए । उनका अनुसार समितिको उपाध्यक्षहरु युवराज पन्त, अमर राना, मञ्जु विक, सचिवमा नवराज बस्याल, सह-सचिव नेत्र गौतम र कोषाध्यक्ष बासुदेव अर्याल चयन भएका छन् । अधिवेशनको नेकपा (माओवादी केन्द्र) का वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले उद्घाटन गरेका थिए । अधिवेशनको उद्घाटन गर्दै उनले माओवादीलाई कमजोर पारिए समानुपातिक समावेशी व्यवस्थामाथि खतरा उत्पन्न हुने चेतावनी दिए । उनले माओवादीको योगदानकै कारण देशमा समानुपातिक समावेशी व्यवस्था स्थापित भएको भन्दै यसलाई जोगाउन पार्टीलाई सशक्त बनाउनुपर्ने बताए । नेता श्रेष्ठले भने,'माओवादीलाई कमजोर पारियो भने समानुपातिक समावेशी व्यवस्था खोसिन्छ । त्यसपछि तपाईहरूको हालत के हुन्छ ?' उनले महिला, दलित, जनजाति तथा पिछडिएको वर्गको अधिकार सुरक्षित गर्ने सवालमा माओवादीको महत्वपूर्ण भूमिका रहेको समेत बताए । नेकपा (माओवादी केन्द्र) की केन्द्रीय सदस्य सीता बौडेलले नेपालमा ठूलो जनसमुदाय कम्युनिष्ट आस्थामा रहेको उल्लेख गर्दै पाल्पाले लोकतान्त्रिक परिवर्तनमा ऐतिहासिक योगदान दिएको बताइन् । अर्का केन्द्रीय सदस्य पुरन केसी, अनिल किशोर घिमिरे र नेत्र प्रसाद पाण्डेयले माओवादीलाई वृहत् शक्तिशाली बनाउन सबै नेता तथा कार्यकर्ताले सक्रिय भूमिका खेल्नुपर्नेमा जोड ।

नेकपा माओवादी केन्द्रका प्रदेश सचिवालय सचिव यक्ष पोखरेल र जिल्ला संयोजक राजेन्द्र विश्वकर्माले पछिल्लो समय माओवादीप्रति जनलहर बढेको दाबी गर्दै पार्टी पुन: सशक्त बन्दै गएको उल्लेख गरे । नगर समिति अध्यक्ष प्रतिक्षा सिंजालीको अध्यक्षता र मथुरा ढकालको सञ्चालनमा कार्यक्रम भएको थियो ।


## पाठेघरको मुखको क्यान्सर बिरुद्ध एच.पि. भी. खोप अभियान २०८१ सम्बन्धी सूचना

नेपालमा हरेक दिन ४ जना महिलाहरुको पाठेघरको मुखको क्यान्सरबाट मृत्यु हुन्छ भन्ने तथ्याङ्क छ । महिलाहरुमा हुने विभिन्न क्यान्सर मध्ये पाठेघरको मुखको क्यान्सर महिलाहरुको मृत्युको प्रमुख कारण हो, तर किशोर अवस्थामै रोग विरुद्धको एच.पि.भी. खोप लगाए यो रोग लाग्नबाट बच्न सकिन्छ ।

यसैलाई ध्यानमा राखेर नेपाल सरकारले देशभर यही माघ २२ गतेदेखि फागुन ६ गतेसम्म एच.पि.भी. खोप सञ्चालन गरेको छ । पाल्पाको **बगनासकाली गाउँपालिका** मा पनि यही माघ २९ गतेदेखि फागुन ३ गतेसम्म खोप दिन लागिएको जानकारी गराईन्छ । यस खोप अभियानमा विद्यालय जाने कक्षा ६ देखि १० सम्मका सम्पूर्ण छात्राहरु र विद्यालय नजाने १० वर्षदेखि १४ वर्ष उमेर सम्मका किशोरीहरुलाई विद्यालय केन्द्रीत खोप केन्द्रहरूबाट पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप दिइँदै छ । त्यसैले आ-आफ्नो विद्यालय वा नजिकैको खोप केन्द्रमा गई खोप लगाउनुहुन अनुरोध गर्दछौं ।

अभियानमा छुट भएका किशोरीहरूले अभियानको अन्तिम दिन नजिकैको स्वास्थ संस्थाबाट पनि यो खोप लिन सक्ने छन् । थप जानकारीको लागि नजिकैको स्वास्थ संस्था, महिला स्वास्थ्य स्वयंसेवीका वा वडाका जनप्रतिनिधिहरुलाई सम्पर्क गर्न सकिने छ ।

अनुरोधक

**बगनासकाली गाउँपालिका स्वास्थ्य शाखा, चिर्तुङ्गधारा, पाल्पा**


## खेलकुद समाचार

### थ्री स्टार 'पोखरा गोल्डकप' को सेमिफाइनलमा



**काठमाडौं,** माघ २७/मछिन्द्र क्लबलाई हराउँदै थ्री स्टार क्लब पोखरा गोल्डकप फुटबलको सेमिफाइनलमा पुगेको छ ।

पोखरा रङ्गशालामा आइतबार भएको दोस्रो क्वाटरफाइनलमा थ्री स्टारले मछिन्द्रलाई पेनाल्टी शुटआउटमा ४-२ गोलले हरायो । निर्धारित ९० मिनेटको खेल गोलरहित बराबरीमा सकिएपछि खेलमा ३० मिनेट थप भएको थियो । थप समयमा पनि गोल हुन नसकेपछि खेल टाइब्रेकरमा पुगेको हो ।

प्रतियोगिताको तेस्रो क्वाटरफाइनलमा भोलि त्रिभुवन आर्मी क्लब र चर्च ब्वाइज युनाइटेड खेल्दैछन् । यसअघि हिजो भएको पहिलो क्वाटरफाइनलमा ब्रिगेड ब्वाइज एफसीलाई हराउँदै नेपाल पुलिस क्लब सेमिफाइनलमा पुगेको छ । २४ औं संस्करणको पोखरा गोल्डकपको फाइनल खेल आउँदो फागुन ३ गते हुनेछ । प्रतियोगिताको विजेताले १२ लाख १ हजार र उपविजेताले ६ लाख १ हजार रुपैयाँ पुरस्कार पाउनेछन् ।


### Lost Resident ID Notice

This is to inform that Ashil Gajmer Suresh Bishwokarma a resident of Bagnaskali Rural Municipality-9, Bagnas, has lost his **Resident Identity Card** while traveling to Kailashnagar-5, Tansen, Palpa on Date 2081 Poush 2. Anyone with information is requested to notify the nearest Police Office or Contact :

**Name:** Ashil Gajmer Suresh Bishwokarma

**Address :** Bagnaskali Rural Municipality-9, Bagnas

**ID Number :** 784-2002-8385235-6

**Phone Numbers :** 9867448184

वर्गिकृत डिस्प्ले

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्से दोहोरो अङ्कले घट्यो



**पाल्पा,** माघ २७/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको घटेको छ । कारोबार साताको पहिलो दिन नेप्से परिसूचक ११ दशमलव ४९ अङ्कले घटेको हो ।

आइतबार नेप्से घटेसँगै दुई हजार छ सय ८८ दशमलव ३१ को बिन्दुमा कायम भएको छ । सेन्सेटिभ इण्डरेक्स २ दशमलव २५ अंकले घटेर ४ सय ५२ दशमलव २१ विन्दुमा पुगेको छ । यसदिन ३ सय ५ स्क्रिप्सको १ करोड ५८ लाख ५५ हजार ६ सय १० कित्ता सेयर ८ अर्ब ३९ करोड ८६ लाख ६० हजार ६ सय २८ रुपैयाँमा खरिदबिक्री भए । नेप्से परिसूचक दोहोरो अंकले घटे पनि दुई कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । सेन्ट्रल फाइनान्स र गार्डियन माइक्रो लाइफ इन्स्योरेन्सको सेयर १० प्रतिशतले घट्यो । कारोबारमा वित्त समूह शून्य दशमलव ८०, उत्पादन तथा प्रशोधन शून्य दशमलव १५, लघुवित्त शून्य दशमलव २५ र व्यापार समूह एक दशमलव ३९ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै विकास बैंक समूह एक दशमलव ३५ र अन्य समूह एक दशमलव ३० प्रतिशतले घटेको छ ।

बैंकिङ शून्य दशमलव ३५, होटल तथा पर्यटन शून्य दशमलव २४, जलविद्युत् शून्य दशमलव ५०, लगानी शून्य दशमलव ३९, जीवन बिमा शून्य दशमलव ७६, म्युचुअल फण्ड शून्य दशमलव ३४ र निर्जीवन बिमा शून्य दशमलव ५७ प्रतिशतले घटेको छ । सेन्ट्रल फाइनान्स कम्पनी लिमिटेड र गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको सेयर मूल्य छ दशमलव ५२ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लिमिटेडको ३१ करोड १६ लाख ८३ लाख तीन सय ९५ बराबरको सेयर खरिदबिक्री भएको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.

तानसेन, पाल्पा

०७५-५२१४६४, ५२१४६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई